नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरवार, काठमाण्डौ

फोन ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

योजना तथा वै.स.स. शाखा

पत्र संख्याः- ०६९।७० 
चलानी नं.:- ८८९

मितिः २०७०।२।२७

**विषयः निर्देशन सम्बन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालय, (७५वटै)
श्री महानगरपालिकाको कार्यालय, काठमाण्डौं ,
श्री उप-महानगरपालिकाको कार्यालय, (४ वटै)।

प्रस्तुत बिषयमा साक्षरता कार्यक्रमलाई प्रभावकारी र ब्यवस्थित बनाउन स्थानीय निकायबाट सञ्चालन हुने कार्यक्रमहरुमा देहायबमोजिम हुन यस मन्त्रालयको मिति २०७०।२।२६ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ । जिल्लाभित्रका सम्पूर्ण गा.वि.स. तथा नगरपालिकाहरुमा सोही बमोजिम कार्यान्वयनका लागि जिल्ला विकास समितिबाट निर्देशन पठाउन समेत निर्णयानुसार अनुरोध छ ।

तपशिलः

१. स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि, २०६९ अनुसार लक्षित समूह विकास कार्यक्रममा छुट्ट्याईने रकमबाट महिला तथा बालबालिकाको क्षमता विकासका लागि गरिने क्रियाकलापहरु साक्षरता कार्यक्रमसंग समेत समन्वय गरी कार्यान्वयन गर्ने ।

२. साक्षरता कार्यक्रम सञ्चालनमा नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चलाई आवश्यकता अनुसार परिचालन गर्न समन्वय गर्ने ।

३. गा.वि.स. र नगरपालिकामा साक्षरता कार्यक्रमलाई सफल पार्न अनुगमन तथा मुल्याङ्कन कार्यमा समेत सहयोग गर्ने ।

(श्रीकृष्ण पौडेल)
शाखा अधिकृत

बोधार्थः श्री शिक्षा मन्त्रालय, योजना महाशाखा, *(च.नं ७९ मिति २०६९।१२।६ को पत्रको सन्दर्भमा)।*
सिंहदरवार, काठमाण्डौं ।